त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
शिक्षाध्यक्षको कार्यालय
OFFICE OF THE RECTOR

# विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय
# Student Welfare And Sports Directorate

कीर्तिपुर, काठमाण्डौ, नेपाल
Kirtipur, Kathmandu, Nepal

Ref. No./ पत्र संख्याः ८१/०७६/०७७ Date/ मितिः २०७६।७।३

श्रीमान डीनज्यू,
विज्ञान डीन कार्यालय
त्रि.वि.कीर्तिपुर ।

विषयः पत्र पठाएको बारे ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार, युवा तथा खेलकुद मंत्रालय, राष्ट्रिय युवा परिषद, सानो ठिमी भक्तपुरको च.नं. २९६ मिति २०७६।६।१ को पत्र अनुसार परिषदको चालु आ.व.को वार्षिक कार्यक्रम अन्तर्गत विज्ञान तथा प्रविधि क्षेत्रमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई अनुसन्धानमा सहयोग गर्ने कार्यक्रम रहेकोले यसैसाथ संलगन पत्र अनुसार आवश्यक कार्यार्थको लागि त्यस कार्यालयमा पठाएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

.....................
सरस्वती गुरुङ्ग
शाखा अधिकृत

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.........................................शाखा)

२४५
२०७६.६.१०

राष्ट्रिय युवा परिषद-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०७६/७७

च.नं.: २३६

मिति :-२०७६/०६/१

विषय: सूचना संप्रेषण गरिदिनुहुन ।

श्री विश्व विद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर
श्री नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, खुमलटार, ललिलपुर
श्री त्रिभुवन विश्वविद्यालय, किर्तिपुर,, काठमाडौ
श्री काठमाडौ विश्वविद्यालय, धुलीखेल, काभ्रे
श्री पोखरा विश्वविद्यालय, पोखरा,कास्की
श्री पुर्वाञ्चल विश्वविद्यालय, विराटनगर, मोरङ
श्री मध्यपश्चिम विश्वविद्यालय, विरेन्द्रनगर, सुखेत
श्री सुदुरपश्चिम विश्वविद्यालय, धनगढी, कैलाली
श्री कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन

दर्ता नं.- ८५
मिति-२०७६।६।१०

प्रस्तुत विषयमा यस परिषद्को चालु आ. व. को वार्षिक कार्यक्रम अन्तर्गत विज्ञान तथा प्रविधिको क्षेत्रमा स्नाकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई अनुसन्धानमा सहयोग गर्ने कार्यक्रम रहेकोले सोको लागि यसै साथ संलग्न सूचना तहाँ कार्यालय तथा मातहतको निकायको सूचना पाटी तथा वेभ साईट मार्फत संप्रेषणको गरी सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

.............................

डा . बाबुराम ढुंगाना
का.मु. प्रशासकीय प्रमुख
**का.मु. प्रशासकीय प्रमुख**

विद्यार्थी कल्याण
आ.का.
०७६।६।१०

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(.........................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: २०७६।७७
च.नं.: २६५

मिति : २०७६।५।३१ गते

## विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान सहयोगका लागि अनुसन्धान प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को आ. व. २०७६।७७ को वार्षिक स्वीकृत विज्ञान तथा प्रविधिमा प्रवर्द्धनमा युवा सहभागीता अभिवृद्धि कार्यक्रम अन्तर्गत विज्ञान तथा प्रविधि क्षेत्रका विषयहरु मध्ये कुनै एक विषयमा स्नातकोत्तर तहमा अध्ययनरत ३२ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु ५०,०००।(पचास हजार) का दरले अनुसन्धानमा सहयोग गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक साथै २०७७ जेठ मसान्त सम्ममा सम्पुर्ण अनुसन्धानको कार्य सम्पन्न गर्न सक्ने १६- ४० उमेर समूहका युवा/ विद्यार्थीहरुले तपसीलका कागजपत्रहरु सहित मिति २०७६कार्तिक १५ गते सम्ममा यस परिषद्को योजना तथा वैदेशिक समन्वय शाखामा परिषद्ले तोकेका न्युनतम विषय शीर्षकहरु समावेश भएको अनुसन्धान प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।अनुसन्धान सहयोगका लागि विषयगत मूल्यांकन समितिवाट छनौट भई सिफारिश भएका विद्यार्थीहरुको नामावली सम्वन्धित विश्वविद्यालय /क्याम्पसमा पठाईनेछ।रित पुगेका र तोकिएकों समय भित्र प्राप्त भएका प्रस्तावनालाई मात्र मूल्यांकन प्रक्रियामा समावेश गराईने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसील

१. परिषद्ले तोकेको ढाँचाको निवेदन ।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. स्तानकोत्तर तहमा प्राप्त गरेको पछिल्लो वर्ष/ सेमेष्टरको मार्कसिटको प्रतिलिपि ।

४. सम्वन्धित शैक्षिक संस्था तथा सुपरिवेक्षले स्वीकृत गरेको प्रस्तावना (Proposal) र संस्थाको सिफारिश पत्र सक्कल प्रति।

५. निवेदन तथा प्रस्तावनाको न्युनतम विषय शीर्षक ढाँचा परिषद्को वेभ साईट www.nyc.gov.np वाट डाउँनलोड गर्न सकिनेछ ।

डा. बाबुराम ढुंगाना
का.मु प्रशासकीय प्रमुख
**का.मु. प्रशासकीय प्रमुख**